**Online Securities Limited**
*Broker No. 49*

# Company or Institution Details
## कम्पनी वा संस्थाको विवरण

Client Id: ग्राहक नं.: Mandatory for Client in Case of Update / अध्यावधिक गर्दा ग्राहकको लागि अनिवार्य

Reference No.: संकेत नं.:

Account Type: आवेदनको प्रकार: ☐ Trading कारोबार ☐ DEMAT हितग्राही ☐ Both दुवै

Application Type: आवेदनको प्रकार: ☐ New नयाँ खाता ☐ Update अध्यावधिक ☐ Other अन्य

Branch: शाखा : ____

Date: मिति : Y Y Y Y M M D D

Please fill all the details clearly and strike out the non-applicable fields/boxes.
कृपया तल उल्लेखित सम्पूर्ण विवरण प्रस्टसँग भर्नुहोस् र लागु नहुने क्षेत्र/बाकसहरुमा तेर्सो धर्का कोरिदिनुहोस् ।

Beneficiary ID : हितग्राहि खाता नं. (BOID): 1 3 0

## Company Details (कम्पनीको विवरण)

Full Name of the Company : (In Block Letters)

कम्पनीको पुरा नाम : ____

Chief Executive's Name:

कार्यकारी प्रमुखको नाम : ____

Company Secretary's Name:

कम्पनी सचिवको नाम : ____

Company Type: लिङ्ग: ☐ Private Limited प्राइभेट लिमिटेड ☐ Public Limited पब्लिक लिमिटेड ☐ Government Owned सरकारी स्वामित्व भएको ☐ Others अन्य

PAN/VAT No : स्थायी लेखा नं.:

Incorporation Date: संस्थापना मिति: B.S. वि.सं. Y Y Y Y M M D D A.D. ई.सं. Y Y Y Y M M D D

Business Type: व्यवसायको किसिम :

## Registration and Operation Details (दर्ता तथा कार्य विवरण)

Registration No.: दर्ता नं.:

Registration Date: दर्ता मिति: B.S. वि.सं. Y Y Y Y M M D D A.D. ई.सं. Y Y Y Y M M D D

Country of Registration: दर्ता भएको देश: ☐ Nepal नेपाल Others: अन्य : Please Mention / कृपया जनाउनुहोस्

Registered Office: दर्ता भएको कार्यालय:

Area of Work: कार्य क्षेत्र:

Is Listed? सूचीकरण भएको: ☐ Yes छ ☐ No छैन

Listing Date: सूचीकरण मिति: A.D. ई.सं. Y Y Y Y M M D D

Is a Subsidiary Company? कुनै मुख्य कम्पनीको सहायक कम्पनी ☐ Yes हो ☐ No होइन

Main Company's Name: भएमा मुख्य संस्थाको नाम:

Main Company's Address: मुख्य कम्पनीको ठेगाना:

Registered with NRB नेपाल राष्ट्र बैंकमा दर्ता भएको: ☐ Yes छ ☐ No छैन

NRB Regd. No: राष्ट्र बैंकमा दर्ता नं.:

NRB Approval Date: राष्ट्र बैंकमा दर्ता मिति: Y Y Y Y M M D D

## Bank Account Details (बैंक खाता विवरण)

Account Type: खाताको प्रकार: ☐ Savings बचत ☐ Current चल्ती

Bank's Name: बैंकको नाम:

Branch: बैंकको शाखा:

Account No.: बैंक खाता नम्बर:

# Address and Contact Details (ठेगाना र सम्पर्क विवरण)

## Registered Address (दर्ता भएको ठेगाना)

Country: देश: | Province: प्रदेश : | District: जिल्ला :

Town/City: गाउँ / नगर : R.M. / M. / S.M.C / M.C गा.पा./ न.पा./ उ.म.न.पा./ म.न.पा. | Ward No.: वडा नं.: | Tole: टोल : | Block No: ब्लक नं.: | Tel. No.: टेलिफोन नं.:

## Current Address (हालको ठेगाना)

Country: देश : | Province: प्रदेश : | District: जिल्ला :

Town/City: गाउँ / नगर : R.M. / M. / S.M.C / M.C गा.पा./ न.पा./ उ.म.न.पा./ म.न.पा. | Ward No.: वडा नं. : | Tole: टोल : | Block No: ब्लक नं.: | Tel. No.: टेलिफोन नं.:

Mob. No.: मोबाइल नं. : | Email: इमेल : | Website: इमेल :

Location Map of Current Address:
हाल ठेगाना रहेको स्थानको नक्सा:

Google Plus Code: गुगल प्लस कोड: From Google Maps गुगल म्याप्स बाट

Nearest Landmark/Main Road: हालको ठेगाना नजिकै रहेको प्रसिद्ध स्थल वा मूल सडक:

Distance from Address: हालको ठेगानाबाट दूरी:

# Declaration Regarding Securities Trading (धितोपत्र कारोबारको सम्बन्धमा तपशित बमोजिमको स्वघोषणा गर्दछु ।)

१. कम्पनी/संस्थाले सम्पत्ति सुद्धिकरण निवारण ऐन, २०६४ र यस अन्तरगत जारी भएका नियमावली तथा निर्देशन आदिबाट माग भए अनुसारका सूचना, विवरण तथा कागजातहरु अनलाइन सेक्युरिटिज् लिमिटेडलाई उपलब्ध गराउने छ ।

२. कम्पनी/संस्था धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छ ।

३. कम्पनी/संस्थाले धितोपत्र सम्बन्धि तथा अन्य प्रचलित नियम कानूनको पालना गर्दछ र गर्नेछ ।

४. कम्पनी/संस्थाले खरिद गरेका धितोपत्रहरु वापतको भुक्तानी लिने दिने कार्य तोकिएको समयभित्र गर्नेछ ।

५. अनलाइन सेक्युरिटिज् लिमिटेडलाई गर्नु पर्ने भुक्तानी नगरि बाँकी रहेमा कम्पनी/संस्थाको कारोवार रहेको अन्य धितोपत्र दलाल कम्पनीहरुमा समेत निलम्बन गर्न पत्राचार वा परिपत्र गर्न कम्पनी/संस्थाको मञ्जुरी छ ।

६. कम्पनी/संस्थाको एक भन्दा बढी हितग्राही खाता ☐ छ ☐ छैन । भएमा हितग्राही खाता नं:

७. कम्पनी/संस्थाले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पति शुद्धिकरण सम्बन्धि प्रचतिल कानुन विपरित आर्जन गरेको हुने छैन ।

८. कम्पनी/संस्था कर्जा सुचना केन्द्रको कालो सुचिमा रहेको ☐ छ ☐ छैन ।

**Authorized Person's:**
**आधिकारिक व्यक्तिको:**

Full Name: पुरा नाम:

Designation: पद:

Authorized Signature
आधिकारिक दस्तखत

Company Stamp
कम्पनी/संस्थाको छाप

## For office use only (कार्यालय प्रायोजनको लागि मात्र)

| Checked by: रुजु गर्नेको: | DEMAT A/C Opened by: डिम्याट खाता खोल्नेको: | Trading A/C Opened by: कारोबार खाता खोल्नेको: | Verified by: प्रमाणित गर्नेको: |
|---|---|---|---|
| Name: नाम : | Name: नाम : | Name: नाम : | Name: नाम : |
| Signature: दस्तखत : | Signature: दस्तखत : | Signature: दस्तखत : | Signature: दस्तखत : |
| Date: मिति : | Date: मिति : | Date: मिति : | Date: मिति : |

(धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनियम १० सँग सम्बन्धित)

# कारोबार सदस्य र ग्राहक बिचको सम्झौतापत्र

आज मिति २०७९/०४/०९ का दिन कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडको कारोबार सदस्य रहेको पुतलीसडक-२८, काठमाडौंमा रजिस्टर्ड कार्यालय भएको श्री **अनलाइन सेक्युरिटिज् लिमिटेड** (उप्रान्त **प्रथम पक्ष** भनिनेछ) तथा प्रथम पक्ष मार्फत धितोपत्रको कारोबार गर्न अनलाईन सुबिधा प्रयोग गर्ने ग्राहक संकेत नम्बर (युनिक क्लाईन्ट कोड) ............................................ रहेको ................................................................................. कार्यालयमा दर्ता भई रजिस्टर्ड कार्यालय ........................................................................................................................................................................ मा भएको श्री......................................................................................................................................................... (उप्रान्त दोस्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारी र/वा कानुनी प्रतिनिधि समेत लाई जनाउने), बीच नेप्सेको कारोबार प्रणालीबाट कारोबार हुने विधि र आफैले कारोबार गर्ने सम्बन्धमा दोस्रो पक्ष सँग आवश्यक ज्ञान रहेको मानी यो सम्झौता (उप्रान्त सम्झौता भनिने छ) सम्पन्न भएको छ।

**यस सम्झौताका पक्षहरु निम्नलिखित शर्तहरु पालना गर्न मञ्जुर छन्:**

१. प्रचलित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बिमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड लगायतका नियामक निकायले समय समयमा जारी गरेका निर्देशिका, परिपत्र र निर्देशन समेतलाई यसै सम्झौतामा उल्लेख भए सरह मानी सम्झौताका पक्षहरुले सोको पालना गर्न मञ्जुर गर्दछन्।

२. दोस्रो पक्षले यस सम्झौता गर्दाको वखत वा यस भन्दा अघि प्रथम पक्षलाई दिएको सूचना, दोस्रो पक्षको ग्राहक परिचय विवरण (KYC) मा भरेको विवरणमा कुनै फेरबदल भए, फेरबदल भएको ७ कार्य दिनभित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ।

३. दोस्रो पक्ष धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा, विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा वा अन्य कुनै कारणले कानूनत आर्थिक कारोबार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ।

४. दोस्रो पक्षले यस सम्झौतामा उल्लेख गरेको वा ग्राहक परिचय विवरण (KYC) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाईल नम्बरमा दोस्रो पक्षले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलब्ध गराउने छ। प्रथम पक्षले उपलब्ध गराएको वा सो पश्चात दोस्रो पक्षले परिर्वतन गरेको युजरनेम वा पासवर्डको गोपनीयता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व दोस्रो पक्षको हुनेछ।

५. दोश्रो पक्षले बिक्री कारोबार गर्दा मौज्दातमा धितोपत्र रहेको वा रहने कुनै एक हीतग्राही खाता प्रथम पक्षलाई उपलब्ध गराउने छ। र उक्त खाता अन्य धितोपत्र कारोबार सदस्यलाई उपलब्ध गराउने छैन। यदी एउटै खाता अन्य धितोपत्र कारोबार सदस्यलाई दिई हुने जोखिमको जिम्मेवारी दोश्रो पक्षले लिनेछ।

६. दोस्रो पक्षलाई दिइएको युजरनेमबाट भए गरेको सम्पूर्ण कारोबारहरुको दायित्व बहन गर्ने तथा सो समयमा राफसाफ गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

७. दोस्रो पक्षलाई प्रदान गरिएको युजरनेमको प्रयोग गरी सिर्जना हुने दायित्व तथा सम्झौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानी नोक्सानी भएमा सोप्रति दोस्रो पक्ष जिम्मेवार हुनेछ।

८. दोस्रो पक्षले आफ्नो युजरनेम प्रयोग गरी वा प्रथम पक्षलाई आदेश दिई बिक्री भएका धितोपत्रहरुको निर्देशन पूर्जी जारी गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ। यसरी बिक्री भएको धितोपत्रको हस्तान्तरण दोस्रो पक्षले टि+१ को १२ बजे भित्र प्रथम पक्षको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोबार को राफसाफ हुन नसकेमा सोबाट सिर्जित सम्पूर्ण दायित्व दोस्रो पक्षले वहन गर्नुपर्नेछ।

९. दोस्रो पक्षले धितोपत्र बिक्री गरिसकेपछि सो धितोपत्रको आधार मूल्य प्रथम पक्षलाई राफसाफ समयको १ दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ। आधार मूल्य समयमा उपलब्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने कानूनी तथा आर्थिक दायित्व वा हानी नोक्सानी दोस्रो पक्षले व्यहोर्नु पर्नेछ।

१०. दोस्रो पक्षले बिक्रि गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु तथा प्रथम पक्षले धितोपत्र खरीद बिक्री सम्वन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकम मात्र प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछ।

११. दोस्रो पक्षले खरीद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नुपर्नेछ। दोस्रो पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकमको ४ गुणा सम्म कारोबार लिमिट प्राप्त गर्न सक्नेछ। उक्त कारोबार सीमा दोस्रो पक्षले बुझाएको रकमको चार गुणा भन्दा बढी हुने छैन।

१२. दोस्रो पक्षले कारोबार सीमाका लागि प्रथम पक्षलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य बिद्युतीय माध्यमबाट गर्नुपर्नेछ।

१३. दोस्रो पक्षले कारोबार प्रयोजनका लागि प्रथम पक्षलाई उपलब्ध गराएको रकम तथा धितोपत्र कारोबार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ।

१४. दुवै पक्षको आपसी सहमतिमा दोस्रो पक्षले प्रथम पक्षलाई यस्तो कारोबार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोबार योग्य धितोपत्रहरुको माध्यमबाट पनि गर्न सक्ने छ। यस्तो धरौटी दोश्रो पक्षले आफनो दायित्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्ने छ।

१५. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबार योग्य धितोपत्रको मूल्यांकन बजार मूल्यको बढीमा ७० प्रतिशत सम्म गर्न सकिने छ। धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको कारोबार सीमा दोस्रो पक्षलाई जानकारी गराई फेरबदल गर्न सक्नेछ।

१६. खरीद कारोबारपछि बाँकी रहेको रकम खरीद बिल बमोजिम दोस्रो पक्षले टि+२ भित्रमा प्रथम पक्षको खातामा जम्मा हुने गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। यसरी रकम उपलब्ध गराउँदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको भए सो रकम समायोजन गर्ने सुविधा दोस्रो पक्षलाई हुनेछ।

१७. खरीद कारोबार पश्चात दोस्रो पक्षले राफसाफ समय भित्रमा आफ्नो दायित्व पुरा नगरेमा टि+४ मा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराई दोस्रो पक्षकै नाममा खरीद गरिएको तथा जमानतमा लिइएको धितोपत्र बिक्री, बैक जमानतबाट रकम र सो को लागत बापतको सोधभर्ना र नपुग रकम कानून बमोजिम असुल उपर गरि लिन सक्नेछ।

१८. दोस्रो पक्षको धितोपत्र बिक्री गरि प्रथम पक्षको लेना रकम असुलउपर गरी रकम बाँकी रहेमा दोस्रो पक्षको अग्रिम भुक्तानी सम्मको रकम दोस्रो पक्षलाई फिर्ता गरी थप रकम बाँकी रहन गए धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ।

१९. दोस्रो पक्षले खरीद गरेको धितोपत्र खरिदबाट सिर्जित दायित्वहरु पुरा गरेपछि वा कारोबारको राफसाफको दिन मध्ये जुन पछि हुन्छ सो को भोलिपल्ट ग्राहकको निक्षेप खातामा प्रथम पक्षले धितोपत्र हस्तान्तरण गर्नु पर्नेछ।

२०. दोस्रो पक्षको नामबाट कारोबार भए पश्चात दोस्रो पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मगज बिग्रिएमा वा अन्य कुनै कारणबाट दोस्रो पक्षको नामबाट भएका कारोबारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीको हुनेछ । कानूनी उत्तराधिकारीबाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. नियमक निकायहरुबाट कारोबारहरु रद्द भएमा वा रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोबारहरु स्वतः रद्द हुनेछन् । सो को दायित्व प्रथम पक्षले बहन गर्ने छैन ।

२२. दोस्रो पक्ष नावालक वा कानूनतः पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ ।

२३. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनै पनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

२४. दोस्रो पक्षले आफ्नो कारोवारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ सो प्रतिनिधिबाट भएका सम्पूर्ण कारोबारहरु निज दोस्रो पक्षले नै गरे सरह मान्य हुनेछ ।

२५. धितोपत्रको कारोबार गर्दा धितोपत्रमा गरिने लगानीमा निहित रहेको जोखिम तथा प्रणालीगत जोखिमका बारेमा दोस्रो पक्ष जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति दोस्रो पक्ष नै जिम्मेवार रहने छ ।

२६. दोस्रो पक्षले निम्न लिखित माध्यमवाट कारोबार आदेश दिन सक्ने छ :

**क. स्वयं उपस्थित भई लिखित आदेश** **ख. दोस्रो पक्षको युजरनेमः**........................................ **ग. मोबाइल फोनः** ........................................

**घ. ई-मेलः** ........................................................................................................ **ङ. टेलिफोनः** ..............................................

**च. प्रथम पक्षको वेभसाइटः** *www.onlinesecurities.com.np* **छ. अन्य बिद्युतीय माध्यमः** .................................

प्रथम पक्षले उल्लिखित माध्यमबाट आएका आदेशहरुलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टी गर्नेछ । नियम अनुसार उक्त आदेशहरुको सुरक्षित रेकर्डिङ्ग तथा भण्डारण प्रथम पक्षले गर्न सक्नेछ ।

२७. दोस्रो पक्षको मार्जिन कारोबार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी सर्त तथा सुविधाहरु सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ ।

२८. दोस्रो पक्षले धितोपत्र कारोबार गर्दा उक्त धितोपत्र कारोबार गर्न प्रचलित कानून बमोजिम आफु योग्य रहेको र सो धितोपत्रमा आफुले कानून बमोजिम धारण गर्न सक्ने सीमा भित्र रहि खरीद आदेश प्रविष्ट गर्नु पर्ने छ । सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व दोस्रो पक्षको हुनेछ ।

२९. प्रचलित नीति नियममा उल्लेख भए अनुसार वा सम्बन्धित निकायहरुबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समयावधी भित्र प्रथम पक्षलाई बुझाउन दोस्रो पक्ष मञ्जुर गर्दछ । दोस्रो पक्षले प्रचलित कानुन बमोजिम अवैधानिक नठहरीने रकमहरु मात्र धितोपत्रमा लगानी गर्नुपर्ने छ ।

३०. प्रथम पक्ष तथा दोस्रो पक्ष बीच यस सम्झौता बमोजिमको खरिद/विक्री कारोवार वापत लिन दिन बाँकी बक्यौताबाट सिर्जित हुने दायित्वका सन्दर्भमा दुवै पक्षहरुको आपसी सहमती बमोजिम हुनेछ । सो बमोजिम नभएको अवस्थामा प्रचलित कानुन बमोजिम हुनेछ ।

३१. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भई कारोबार गर्न अयोग्य भएमा यो सम्झौता स्वतः खारेज हुनेछ । यसरी सम्झौता खारेज भए पनि बाँकी बक्यौता फछ्र्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ ।

३२. यस सम्झौता अनुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार तोकिएको माध्यमबाट दोस्रो पक्षको अद्यावधिक ठेगानामा पठाए पश्चात दोस्रो पक्षले जानकारी पाए सरह हुनेछ ।

३३. सम्झौताका दुवै पक्षहरुले नेप्से अनलाइन कारोबार प्रणालीमा क्षति पुऱ्याउने कुनै पनि कार्य गर्ने छैनन् ।

३४. प्रथम पक्षले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक दोस्रो पक्षको गोपनीयता कायम गर्नेछ ।

३५. पक्षहरुका बीचमा उत्पन्न हुनसक्ने विवाद तथा मत भिन्नताहरुको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ । आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम बमोजिम हुनेछ ।

३६. दोस्रो पक्षले देहायका सुबिधा उपयोग गरे बापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ ।

अनलाईन कारोबार सुविधा    एसएमएस सुबिधा    अन्यः.................................

दोस्रो पक्षले उल्लिखित सुबिधाहरु प्राप्त गर्न हरेक आर्थिक बर्षमा नविकरण शुल्क तिर्नुपर्नेछ ।

३७. पक्षहरुबिच आपसी सहमतीमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नु पूर्व पक्षहरुले आ-आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

३८. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट लागु भई दुवै पक्षले एक अर्का प्रतिको आफ्नो दायित्व फरफारक गरि रद्ध नगर्दा सम्म कायम रहनेछ र दुवै पक्षको सहमतीबाट सम्झौता पुनः नविकरण हुन सक्नेछ ।

३९. यो सम्झौतामा उल्लेख तथा व्याख्या नभएका विषय प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

४०. यो सम्झौता राम्ररी पढी, बुझी दुवै पक्ष हस्ताक्षर गर्न मञ्जुर गर्दछौं ।

**प्रथम पक्ष**

अनलाइन सेक्युरिटिज् लि. को तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नामः

दस्तखतः

**साक्षी :**

**कम्पनीको छापः**

**दोस्रो पक्ष**

दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नामः

दस्तखत :

**साक्षी :**

**कम्पनीको छापः**

**ईति सम्वत** ______ **साल** ______ **महिना** ______ **गते रोज** ______ **शुभम् ।**

(धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २० को उपविनियम ३ संग सम्बन्धित)

# निक्षेप सदस्य र हितग्राही संस्थाबीचको सम्झौता

पुतलीसडक, काठमाडौं स्थित कार्यालय रहेको **अनलाइन सेक्युरिटिज् लि.** (“**सदस्य**” भनिएको) प्रथम पक्ष र .................................................. .................................................. स्थित कार्यालय रहेको .................................................. यसपछि (“हितग्राही” भनिएको) दोस्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ ।

**१. सामान्य प्रावधान :** यस सम्झौताका पक्षहरू धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ का व्यवस्था र सिडिएससिले समयसमयमा जारी गरेका विनियमलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रूपमा पालना गर्न सहमत छौं ।

**२. रकम असुल उपर :** हितग्राहीले सदस्यलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ ।

**३. खाताको फाँटवारी (स्टेटमेन्ट) :** सदस्यले रहेक तीन महिनाको अन्तमा हितग्राहीलाई निजका खाताको फाँटवारी प्रदान गर्नेछ । तर यस अवधिमा कुनै कारोबार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन ।

**४. विवरणमा भएका परिवर्तनहरूबारे हितग्राहीले सूचित गर्नुपर्ने :** हितग्राहीले सूचित गरेको अवस्था बाहेक, हितग्राहीले विवरणमा भएको परिवर्तन सदस्यलाई जानकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवार हुने छैन ।

**५. हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुने :** सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको/क्रेडिट गरिएको तेस्रो पक्षका दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा भाग भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैनन् ।

**६. प्रत्येक हितग्राही निम्न कुरामा विशेष रूपले जिम्मेवार हुनेछ :**

(क) निक्षेप सदस्यसँग भएको सम्झौता र खाता खोल्दाका विववरणहरु तथा तथ्य सम्बन्धमा,

(ख) निक्षेप सदस्यसँग खाता खोल्दा पेश गरेका लिखितको अधिकारीकता र सत्यता सम्बन्धमा,

(ग) निक्षेप सदस्यबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराको सुनिश्चित गर्ने,

(घ) हितग्राहीको खातामा भएको परिवर्तनका विवरण सम्बन्धमा जस्तैः ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि,

(ङ) कुनैपनि निष्काशित धितोपत्र खरिद गरेकोमा सो को सत्य विवरण ।

**७. आधिकारिक प्रतिनिधि :** हितग्राही सङ्गठित संस्था वा कानूनी व्यक्ति भएमा त्यसले संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियार प्राप्त व्यक्ति सदस्य संगको सम्झौता क्रियान्वित गर्नेछन् । प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिवर्तन भएमा हितग्राहीले सदस्यलाई तुरुन्त जानकारी गराउनेछ ।

**८. सम्झौता रद्द गर्ने :** विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिए अनुसारका शर्तबन्देजको अधिनमा रही पक्षहरुले यो सम्झौता जुनसुकै समयमा रद्द गर्न सक्नेछन् । कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएका धितोपत्रहरुलाई सोही हितग्राहीको निर्देशन बमोजिम सदस्यले व्यस्थापन गर्नेछ ।

**९. काबुबाहिरको परिस्थिति :** यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भूँइचालो, आगलागी, विस्फोटन वा दैवी प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोध जस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही, अपराधिक षड्यन्त्र, आतंकारीको गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडबडी, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यता लगायत काबु वा नियन्त्र बाहिरका घटनाद्वारा यस सम्झौता अन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानी नोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

**१०. जनाउ :** यस सम्झौताअनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रुपमा र प्रापकको हालसालको ठेगाना नपठाएसम्म बन्धनकारी हुनेछैन ।

**११. विवादको समाधान :** पक्षहरुका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमावलीमा तोकिए अनुसारको मध्यस्थता समितिको व्यवस्था यस सम्झौताका पक्षहरुलाई पनि लागु हुनेछ ।

**१२. नियमनकारी कानून :** यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| अनलाइन सेक्युरिटिज् लि. को तर्फबाट अधिकार प्राप्त | दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त |
| व्यक्तिको नामः | व्यक्तिको नामः |
| दस्तखतः | दस्तखत : |
| **कम्पनीको छापः** | **कम्पनीको छापः** |
| **साक्षी :** | **साक्षी :** |

**ईति सम्वत** ______ **साल** ______ **महिना** ______ **गते रोज** ______ **शुभम् ।**

# Details of Contact Person/Authorised Account Operator (सम्पर्क व्यक्ति/खाता संचालकको विवरण)

| Details<br>विवरण | First Contact Person<br>(पहिलो सम्पर्क व्यक्ति) | Second Contact Person<br>(दोस्रो सम्पर्क व्यक्ति) | Third Contact Person<br>(तेस्रो सम्पर्क व्यक्ति) |
|---|---|---|---|
| Full Name:<br>पुरा नाम: | | | |
| Father's Name:<br>बुवाको नाम: | | | |
| Mother's Name:<br>आमाको नाम: | | | |
| Grandfather's Name:<br>हजुरबुवाको नाम: | | | |
| Designation:<br>पद: | | | |
| Email:<br>इमेल: | | | |
| Mob. No.:<br>मोबाइल नं.: | | | |
| Signature:<br>दस्तखत: | | | |
| Photo:<br>फोटो: | | | |

# Details of Directors and Chief Executive (संचालक तथा कार्यकारी प्रमुखको विवरण)

**1 (१)**

| | | | | | |
|---|---|---|---|---|---|
| Full Name:<br>पुरा नाम: | | Mob. No.:<br>मोबाइल नं.: | | Permanent Address:<br>स्थायी ठेगाना: | |
| Spouse's Name:<br>पति/पत्निको नाम: | | Tel. No:<br>टेलिफोन नं.: | | Current Address:<br>हालको ठेगाना: | |
| Father's Name:<br>बुवाको नाम: | | Email:<br>इमेल: | | Signature:<br>दस्तखत: | |
| Grandfather:<br>हजुरबुवाको नाम: | | Post:<br>पद: | | PAN No.:<br>स्थायी लेखा नं.: | | NID No.:<br>रा.प.पत्र नं.: | |

**2 (२)**

| | | | | | |
|---|---|---|---|---|---|
| Full Name:<br>पुरा नाम: | | Mob. No.:<br>मोबाइल नं.: | | Permanent Address:<br>स्थायी ठेगाना: | |
| Spouse's Name:<br>पति/पत्निको नाम: | | Tel. No:<br>टेलिफोन नं.: | | Current Address:<br>हालको ठेगाना: | |
| Father's Name:<br>बुवाको नाम: | | Email:<br>इमेल: | | Signature:<br>दस्तखत: | |
| Grandfather:<br>हजुरबुवाको नाम: | | Post:<br>पद: | | PAN No.:<br>स्थायी लेखा नं.: | | NID No.:<br>रा.प.पत्र नं.: | |

**3 (३)**

| | | | | | |
|---|---|---|---|---|---|
| Full Name:<br>पुरा नाम: | | Mob. No.:<br>मोबाइल नं.: | | Permanent Address:<br>स्थायी ठेगाना: | |
| Spouse's Name:<br>पति/पत्निको नाम: | | Tel. No:<br>टेलिफोन नं.: | | Current Address:<br>हालको ठेगाना: | |
| Father's Name:<br>बुवाको नाम: | | Email:<br>इमेल: | | Signature:<br>दस्तखत: | |
| Grandfather:<br>हजुरबुवाको नाम: | | Post:<br>पद: | | PAN No.:<br>स्थायी लेखा नं.: | | NID No.:<br>रा.प.पत्र नं.: | |

**4 (४)**

| | | | | | |
|---|---|---|---|---|---|
| Full Name:<br>पुरा नाम: | | Mob. No.:<br>मोबाइल नं.: | | Permanent Address:<br>स्थायी ठेगाना: | |
| Spouse's Name:<br>पति/पत्निको नाम: | | Tel. No:<br>टेलिफोन नं.: | | Current Address:<br>हालको ठेगाना: | |
| Father's Name:<br>बुवाको नाम: | | Email:<br>इमेल: | | Signature:<br>दस्तखत: | |
| Grandfather:<br>हजुरबुवाको नाम: | | Post:<br>पद: | | PAN No.:<br>स्थायी लेखा नं.: | | NID No.:<br>रा.प.पत्र नं.: | |

**5 (५)**

| | | | | | |
|---|---|---|---|---|---|
| Full Name:<br>पुरा नाम: | | Mob. No.:<br>मोबाइल नं.: | | Permanent Address:<br>स्थायी ठेगाना: | |
| Spouse's Name:<br>पति/पत्निको नाम: | | Tel. No:<br>टेलिफोन नं.: | | Current Address:<br>हालको ठेगाना: | |
| Father's Name:<br>बुवाको नाम: | | Email:<br>इमेल: | | Signature:<br>दस्तखत: | |
| Grandfather:<br>हजुरबुवाको नाम: | | Post:<br>पद: | | PAN No.:<br>स्थायी लेखा नं.: | | NID No.:<br>रा.प.पत्र नं.: | |

Additional sheets can be attached if needed. (आवश्यक परेमा थप पाना संलग्न गर्न सकिने)

# Documents to be Included (संलग्न गर्नु पर्ने कागजात)

| Company's Name:<br>संस्थाको नामः | | Client ID:<br>संस्थाको नामः | |
|---|---|---|---|

| S.N<br>क्र.स | Document Type<br>(कागजातको प्रकार) | Required<br>(आवश्यक) | Included<br>(संलग्न भएको) | Verified<br>(प्रमाणीत) | Remarks<br>(टिप्पणी) |
|---|---|---|---|---|---|
| 1.<br>१. | Copy of company registration certificate.<br>(कम्पनी/संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।) | | | | |
| 2.<br>२. | Copy of company's MOA.<br>(कम्पनी/संस्थाको प्रबन्धपत्रको प्रतिलिपि ।) | | | | |
| 3.<br>३. | Copy of company's AOA.<br>(कम्पनी/संस्थाको नियमावलीको प्रतिलिपि ।) | | | | |
| 4.<br>४. | Copy of PAN/VAT certificate.<br>(कम्पनी/संस्थाको स्थाई लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि ।) | | | | |
| 5.<br>५. | Tax clearance certificate.<br>(कर चुक्ता/दाखिला प्रमाणपत्र ।) | | | | |
| 6.<br>६. | Decision of the BOD regarding opening and operation of trading account in Online Securities.<br>(धितोपत्र कारोबार गर्नका लागि अनलाइन सेक्युरिटिजमा खाता खोल्ने र संचालन गर्ने बारे संचालक समितिको निर्णय ।) | | | | |
| 7.<br>७. | Photograph and personal details (KYC) of authorised person and all directors.<br>(अख्तियार प्राप्त व्यक्ति तथा सम्पूर्ण संचालकहरुको फोटो र व्यक्तिगत विवरण ।) | | | | |
| 8.<br>८. | Copy of citizenship certificate and National ID card of the authorized person and all directors.<br>(अख्तियार प्राप्त व्यक्ति तथा सम्पूर्ण संचालकहरुको नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।) | | | | |
| 9.<br>९. | Copy of operating license if obtained from any regulatory body.<br>(कुनै नियमनकारी निकायबाट अनुमतिपत्र प्राप्त गरेको खण्डमा सोको प्रतिलिपि ।) | | | | |
| 10.<br>१०. | Not blacklisted certificate of all directors.<br>(सम्पूर्ण संचालकहरुको कालोसूचीमा नरहेको प्रमाणपत्र ।) | | | | |
| 11.<br>११. | Approval issued by SEBON for Fund Management.<br>(कोष व्यवस्थापनका लागि नेपाल धितोपत्र बोर्डबाट प्राप्त गरिएको अनुमतिपत्र ।) | | | | |
| 12.<br>१२. | | | | | |
| 13.<br>१३. | | | | | |
| 14.<br>१४. | | | | | |
| 15.<br>१५. | | | | | |
| 16.<br>१६. | | | | | |

| From Applicant's Side<br>निवेदकको तर्फबाट | From Broker's Side<br>कार्यालयको तर्फबाट |
|---|---|
| Documents Verified by:<br>कागजात प्रमाणित गर्नेको:<br>Name:<br>नाम :<br>Signature:<br>दस्तखत :<br>Date:<br>मिति :<br>Stamp<br>कम्पनीको छाप | Documents Verified by:<br>कागजात प्रमाणित गर्नेको:<br>Name:<br>नाम :<br>Signature:<br>दस्तखत :<br>Date:<br>मिति :<br>Stamp<br>कम्पनीको छाप |